# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

प. सं. ०७८/७९

च. नं. ............

## सुदूरपश्चिम प्रदेशका मूख्यमन्त्री संग भेट सम्वन्धी प्रेस विज्ञप्ति

सुदूरपशि्चम प्रदेशका माननीय मूख्यमन्त्री श्री त्रिलोचन भट्टसंग राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले आज मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा भेट गर्नु भयो । उक्त भेटका अवसरमा मूख्यमन्त्री श्री भट्टले सूचनाको हकका वारेमा बोल्दै स्वाभाविक रुपमा सूचना दिने वातावरण बनाउन लागि परेको बताउनुभयो साथै सूचना मागकर्तालाई बिना झन्झट सूचना उपलब्ध गराई दिने तथा सम्पूर्ण सार्वजनिक निकायहरुलाई स्वत प्रकाशन गर्न लगाउने प्रतिवद्धता व्यक्त गर्दै नागरिक बलियो बनाउने विषयमा प्रदेश सरकार सदै लागि रहने विचार व्यक्त गर्नु भयो । उक्त अवसरमा वहाँले सूचनाको उपयोग गर्ने गराउने तर्फ र सूचनाको हक सम्बँधी कानून समयानुकूल बनाउन पर्ने सुझाव पनि दिनुभयो । साथै सूचनाको हकलाई प्रयोगमा ल्याउनका लागि वजेट व्यवस्था गर्न प्रदेश सरकार तयार रहेको पनि बताउनुभयो । उक्त अवसरमा प्रमुख आयुक्त गुरुङ्गले सूचनाको हक कार्यान्वयनका लागि प्रदेश सरकारको प्रतिवद्धता आवश्यक रहेको तथा सहयोग र समन्वयका लागि अनुरोध गर्नुका साथै प्रदेश मन्त्रालयहरुको वेवसाइट अपडेट गर्न तथा स्वत प्रकाशन नियमित रुपमा गराउन अनुरोध गर्नु भएको थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७८ मंसिर ५ गते आइतबार

सूचना लिने दिने संस्कृतिको बिकास गरौं
सूचना नपाए उजुरी गरौं, पाए जानकारी गराऔं ।
फोन नं: ०१४४६४४१२, ०१४४९६५४४ फ्याक्स: ०१४४९६५४५, ईमेल: info@nic.gov.np वेबसाईट: www.nic.gov.np